Main specialties of Sahid Bishnu Dhani Memorial Polytechnic Institute:
Vocational Education, Happiness, Humanity, Prosperity and Self-reliance.

# Prospectus
# 2078




## Sahid Bishnu Dhani Memorial Polytechnic Institute


**Barbardiya Municipality-6**
**Jayanagar, Bardiya**

☎ 084-404011  www.bishnudhani.edu.np  bishnudhani@gmail.com

# नगर प्रमुखको कलमबाट.....



प्रमुख
दुर्गा बहादुर थारू (कविर)
बारबर्दिया नगरपालिका

सहिद विष्णु-धनि स्मृति बहुप्राविधिक शिक्षालय सञ्चालनको यो बिन्दुसम्म आइपुग्दा महान जनयुद्धमा सहादत प्राप्त गर्ने अमर सहिदहरूको सपना साकार हुदै गरेको परिदृश्य देखिदै छ ।

यस शिक्षालयले गाउँका गरिब किसानहरूका सन्ततिहरूलाई सर्वसुलभ तरिकाले व्यावहारिक/प्राविधिक शिक्षा प्रदान गरी उनीहरूलाई योग्य नागरिक बन्ने सु-अवसर प्रदान गर्ने छ। यस शिक्षालयमा अध्ययन गर्ने हरेक विद्यार्थीहरूले राष्ट्र निर्माणमा योगदान गर्ने छन्। देशको समृद्धिको यात्रालाई गतिवान बनाउने जनवादी शिक्षाको आत्मा नै आम शिक्षा हो । शिक्षामा आम जनताको न्यायसङ्गत पहुँच स्थापित गर्न हामी सत्प्रयास गर्ने छौं ।

राजनीतिक व्यवस्थाका हिसाबले जनवादी र समाजवादी व्यवस्थामा भिन्नता छ तर शैक्षिक सार भने निकट छ । साथै नेपाली समाजको चरित्रलाई विश्लेषण गर्दा आजको शिक्षाको दिशा समाजवादी हुनु पर्दछ तर शिक्षाको जनवादीकरणको विकास पनि भइ नसकेको अवस्था रहेकाले यहाँ समाजवादको आवश्यकतामा जोड दिदै अनिवार्य र नि:शुल्क आधारभूत शिक्षा सुनिश्चितता घोषणा गरेको नेपालकै पहिलो नगरपालिकाले आफ्नो घोषणाका साथसाथै माध्यमिक तहसम्म नि:शुल्क शिक्षा कार्यान्वयन गरिरहेको छ। अहिले हाम्रो नगरपालिका भित्र वनविज्ञान विषयको अध्यापन भइरहेको छ भने निकट भविष्यमै अन्य विषय समेत यस शिक्षालयमा समावेश गरिने छ। विद्यार्थीहरूले आफूले चाहेको विषय रोजेर पढ्न पाउने गरी बहुप्राविधिक शिक्षालय स्थापना भएको छ। शहरको महंगीले प्राविधिक शिक्षा हासिल गर्नबाट बञ्चित विद्यार्थीहरू यस बहुप्राविधिक शिक्षालयले दिने अवसरबाट लाभान्वित हुने छन् र लगनशील भएर अध्ययन गर्ने छन् भन्ने पनि विश्वास लिएको छु ।

धन्यवाद ।

## १. परिचय :

सहिद विष्णु-धनि स्मृति बहुप्राविधिक शिक्षालय दक्ष जनशक्तिको उत्पादनमा जोड दिँदै देश विकासमा योगदान दिने उद्देश्यले CTEVT बाट सम्बन्धन प्राप्त भइ बारबर्दिया नगरपालिका र CTEVT को साझेदारीमा सञ्चालन गर्ने गरी मिति २०७६।०३।३० मा स्थापना भएको शैक्षिक संस्था हो । यस शिक्षालयमा २०७७ सालबाट ३ वर्षे वनविज्ञान कार्यक्रम शुरु गर्न थालिएको छ । क्रमशः थप कार्यक्रमहरू (स्टाफ नर्स, ल्याव टेक्निशियन, एच.ए, फार्मेसी आदि) सञ्चालन गरिने योजना छ । यस प्राविधिक शिक्षालयले बारबर्दिया नगरपालिका भित्र प्राविधिक शिक्षालाई जोड दिन थप भूमिका निर्वाह गर्नुका साथै दक्ष जनशक्ति उत्पादनमा टेवा पुऱ्याउने अपेक्षा गरिएको छ ।

यस शिक्षालयले स्थानीय स्तरमा गरिब परिवारका विद्यार्थीहरूको गुणस्तरीय प्राविधिक शिक्षामा पहुँच बिस्तार गर्ने छ । राष्ट्रिय स्तरमा विदेशबाट ल्याउनु पर्ने दक्ष जनशक्ति र सो बापत खर्च हुने रकम कम गर्ने यस संस्थाको उद्देश्य हो । यस प्रविधिक शिक्षालयले रोजगारीको अवसर सिर्जना गर्दै प्रशस्त दक्ष र अर्धदक्ष जनशक्ति परिचालनमा सहयोग पुऱ्याउने छ। यस प्राविधिक शिक्षालयले पूर्णरूपले सिकारु मैत्री र अनुशासित शैक्षिक वातावरणको सुनिश्चितता गर्ने छ । यस संस्थाको सुविधासम्पन्न शैक्षिक र प्रशासनिक भवनको निर्माण कार्य शुरु भइसकेको छ ।

## २. पृष्ठभूमि :

सहिद विष्णु-धनि स्मृति बहुप्राविधिक शिक्षालयको नामाकरण बारबर्दिया नगरपालिकाका राजनीतिक आन्दोलनका सहिद द्वय विष्णुकुमार पोखेल र धनिराम थारूको नामबाट गरिएको हो । यो शिक्षालयको स्थापना जनताको राजनीतिक चेतनाको विकास गर्दै देशमा आमूल परिवर्तनका लागि आफ्नो सम्पूर्ण जीवन बलिदान गर्ने ती दुई सहिदप्रतिको सम्मान पनि हो ।



सहिद विष्णु कु. पोखेल

वि.सं. २००७ चैत्र २ गते जन्मनु भएका विष्णुकुमार पोखेल आफ्नो बाल्यकाल देखि नै साहित्यिक लेखन र दर्शनमा रूचि राख्नुहुन्थ्यो । वहाँले दुखीहरूको सहयोगका लागि सदा तत्पर रहनुहुन्थ्यो । विष्णुकुमार पोखेलले आफ्नो विद्यार्थीकालको शुरुवाती चरणबाटै प्रगतिशील राजनीतिक क्रियाकलापमा भाग लिनुका साथै थुप्रै राजनीतिक आन्दोलनको नेतृत्व समेत गर्नुभएको थियो । वहाँले स्थानीय स्तरको शिक्षा क्षेत्रमा पनि उल्लेख्य योगदान दिनु भएको छ । जमिन्दारहरूले कमैयामाथि गर्ने दमनको विरुद्धमा पनि विष्णुकुमार पोखेलले उल्लेख्य योगदान दिनुभयो । जनयुद्धमा एक सक्रिय नेताको रूपमा कार्यरत रहँदा वि.स.२०५५ साल जेठ २८ गते वहाँले सहादत प्राप्त गर्नु भयो ।



सहिद धनिराम थारू

बारबर्दिया नगरपालिकाको वडा नं ५ वनघुस्रीमा वि.स. २०२० साउन ८ गते जन्मनु भएका धनिराम थारू सानै देखि खेलकुद, सामाजिक सेवा र राजनीतिमा चासो राख्ने एक असल विद्यार्थी हुनुहुन्थ्यो ।

वहाँले आफ्नो समाजमा भएका थुप्रै आर्थिक एवम् सामाजिक विवाद र समस्याहरू हल गर्न गरेका योगदानहरू अझै जीवितै छन् । कक्षा ७ मा पढ्दै गर्दा स्थानीय कमैयाहरू माथि जमिन्दारले गरेको शोषण र दमनका विरूद्धमा आवाज उठाउँदै वहाँ सक्रिय राजनीतिमा लाग्नु भयो । धनिराम थारूले २०३६ सालमा भएको 'थुम्नी विद्रोहमा सहभागी भइ आफूलाई राजनीतिमा पूर्ण रूपमा होम्नुभयो । दश वर्षे जनयुद्धमा नेताको रूपमा काम गरिरहँदा वि.स.२०५५ साल जेठ २८ गते वहाँले सहादत प्राप्त गर्नु भयो ।

  

## ३. दूरदृष्टि :

सहिद विष्णु-धनि स्मृति बहुप्राविधिक शिक्षालयको प्रमुख विशेषता: व्यावसायिक शिक्षा, खुशी, मानवता, समृद्धि र आत्मनिर्भरता ।

## ४. लक्ष्य :

गुणस्तरीय प्राविधिक तथा जीवनोपयोगी शिक्षामा नगरपालिकाका सबै नागरिकको पहुँच सुनिश्चित गरी उद्यमी, श्रमप्रति समर्पित, सक्षम, स्वावलम्बी, जीवनप्रति सकारात्मक र जिम्मेवारीप्रति स्वअभिप्रेरित जनशक्ति उत्पादन गर्ने ।



## ५. उद्देश्यहरू:

५.१. प्राविधिक शिक्षा मार्फत दक्ष, योग्य, सक्षम, गुणस्तरीय जनशक्तिको व्यवस्थापन गरी अनुसन्धान, नवप्रवर्तन जस्ता पक्षमा उत्कृष्ट नतिजा हासिल गरी स्वरोजगारको अवसर सिर्जना गर्ने ।

५.२. बारबर्दिया नगरपालिका भित्रका सबै वर्गका विपन्न विद्यार्थीहरूको सुपथ र गुणस्तरीय प्राविधिक शिक्षामा पहुँच सुनिश्चित गर्ने ।

५.३. स्थानीय तहको शिक्षा, स्वास्थ्य, कृषि, वनविज्ञान लगायतका क्षेत्रमा आवश्यक जनशक्ति स्थानीय स्तरमा उत्पादन गरी प्राविधिक शिक्षामा परनिर्भरतालाई न्यूनीकरण गर्ने ।

५.४. व्यावसायिक र व्यवहारिक शिक्षाको अवसर सृजना गर्दै नागरिकको आर्थिक अवस्था सुदृढ गरी गुणस्तरीय तथा सुखी जीवन यापनमा सहयोग गर्ने ।

५.५. समावेशीताको सिद्धान्तका आधारमा दलित, जनजाति, सीमान्तकृत, अल्पसंख्यक र सामाजिक रूपमा बञ्चितीकरणमा परेका विद्यार्थीहरूलाई शिक्षामा मूल प्रवाहीकरण गर्ने ।

५.६. गुणस्तरीय प्राविधिक शिक्षामार्फत सिर्जनशीलता, रचनात्मकता, सकारात्मक चिन्तन जस्ता गुणहरूको विकास गरी श्रमप्रति समर्पित र उद्दमी बनाउने ।

५.७. सदाचार, नैतिकता, इमान्दारिता, मानवता र भातृत्वको भावनालाई शिक्षित जनशक्ति मार्फत स्थानीय नागरिकको जीवनमा हस्तान्तरण गर्ने ।

५.८. प्राकृतिक स्रोत र साधनको समुचित प्रयोग गर्दै प्राविधिक शिक्षा मार्फत दिगो विकास र वातावरणीय संरक्षणलाई प्रोत्साहन गर्ने ।

## ६. प्राज्ञिक विधाहरू (३ वर्षे वनविज्ञान)

वनजङ्गल प्राकृतिक स्रोतको महत्वपूर्ण अंश हो । नेपालको प्रचलित भनाइ 'हरियो वन, नेपालको धन' भनेझैं वन नेपालको ठूलो सम्पत्ति हो । वनविज्ञान वृक्षारोपण, त्यसको व्यवस्थापन, संरक्षण र सम्बर्द्धन सम्बन्धी विज्ञान हो । वनजङ्गलको तीव्र विनास र वन्य उत्पादनको बढ्दो मागले गर्दा वनविज्ञानको क्षेत्रले आगामी दिनमा यथेष्ट रोजगारीको सम्भावना बोकेको छ ।

वनविज्ञानको क्षेत्रमा दक्ष जनशक्तिको लागि शैक्षिक संस्थाहरू, वनपैदावार उद्योगहरू, खाद्य कम्पनीहरू, वनस्पति स्वास्थ्य निरीक्षण सेवाहरू, जैविक आपूर्ति गृहहरू रोजगारीका सम्भावित क्षेत्र हुन सक्छन् । वनविज्ञानका विद्यार्थीहरूको मुख्य सेवा भनेकै वनजङ्गलको जगेर्ना गर्दै स्वस्थ वातावरणको संरक्षण गर्नु हो । उनीहरू खासगरी प्राकृतिक स्रोतको संरक्षण, पर्यावरणीय पुनर्निर्माण, काष्ठ भण्डारण आदि काममा संलग्न हुन्छन् ।

वनविज्ञानको अध्ययनले व्यक्तिलाई वनव्यवस्थापन योजनाहरू निर्माण गर्न, वृक्षारोपणका लागि स्थान निर्धारण गर्न, वन सम्बन्धी परियोजनाहरू निरीक्षण गर्न योग्य बनाउँछ । वनविज्ञान अध्ययनको उल्लिखित महत्वलाई मध्यनजर गरी यस वर्ष वनविज्ञान विषयलाई सञ्चालन गर्दै आगामी वर्षबाट अन्य थप कार्यक्रमहरु सञ्चालन गरिने छ ।




## ७. पाठ्यक्रम र विषयवस्तु

यस वनविज्ञान कार्यक्रमको लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् सानोठिमी भक्तपुरले निर्धारण गरेको तीन वर्षे वनविज्ञानको पाठ्यक्रम र विषयवस्तु यस कार्यक्रममा शिक्षण गरिने छ ।

## ८. सहिद विष्णु-धनि स्मृति बहुप्राविधिक शिक्षालयका विशेषताहरू

- ❖ शान्त र एकान्त ठाउँमा अवस्थित ।
- ❖ स्वस्थ हावा आवागमन गर्ने प्रशस्त सिट सहितका उज्याला कक्षाकोठा ।
- ❖ पुस्तकालय तथा ई-पुस्तकालयको व्यवस्था ।
- ❖ दक्ष, अनुभवी र पेशाप्रति प्रतिवद्ध शिक्षक ।
- ❖ सुविधा सम्पन्न बहुविधात्मक प्रयोगशाला ।
- ❖ सैद्धान्तिक ज्ञानलाई व्यावहारिक ज्ञानसँग जोड्नका लागि विभिन्न प्रयोगात्मक कार्य, परियोजना कार्य र इन्टर्नसीप कार्य सञ्चालन ।
- ❖ विभिन्न सरकारी र गैह्रसरकारी संघ सस्थासँग प्रभावकारी समन्वय ।
- ❖ वनविज्ञान र कृषि क्याम्पसहरूसँग अन्तर क्याम्पस विद्यार्थी आदान-प्रदान कार्यक्रम ।
- ❖ अनुसन्धानात्मक र सामान्य जर्नलहरूको आवधिक प्रकाशन ।
- ❖ अत्याधुनिक प्रशासनिक तथा शैक्षिक भवन निर्माण हुदै ।
- ❖ आन्तरिक परीक्षा, Exposure visit, Field Visit को व्यवस्था ।
- ❖ प्रत्येक कक्षाकोठामा Digital Smart Board को व्यवस्था ।
- ❖ लक्षित वर्गका विद्यार्थीको लागि पूर्णरूपमा निःशुल्क ।

## ९. प्रशिक्षार्थी कोटा

शिक्षालयमा सञ्चालन भएका प्रत्येक कार्यक्रममा CTEVT ले निर्धारण गरेको आधारमा कोटा निर्धारण गरिने छ । शिक्षालयले पाएको देहायका कोटामध्ये तपसिल बमोजिम छात्रवृत्ति तथा शुल्कीय कोटा निर्धारण गर्ने छ ।

| क्र. स. | लक्षित वर्ग | आन्तरिक छात्रवृत्तिको छुट प्रतिशत | | | जम्मा |
|---|---|---|---|---|---|
| | | ५० | ७५ | १०० | |
| १ | पूर्ण शुल्कीय | ० | ० | ० | १० |
| २ | विपन्न दलित | १ | १ | १ | ३ |
| ३ | विपन्न जनजाति | २ | ३ | ३ | ८ |
| ४ | सीमान्तकृत राजी/कुमाल/बोटे/बादी | ० | ० | १ | १ |
| ५ | विपन्न तथा सुकुम्बासी | ० | २ | २ | ४ |
| ६ | सहिद, वेपत्ता तथा घाइते परिवारका सदस्य | ० | २ | ३ | ५ |
| ७ | अपाङ्गता भएका व्यक्ति | ० | ० | २ | २ |
| ८ | मुक्त कमैया, कमलहरी | ० | ० | ३ | ३ |
| **जम्मा** | | ३ | ८ | १५ | ३६ |

**नोटः** माथि उल्लेखित छात्रवृत्तिमा ५० प्रतिशत महिला अनिवार्य समावेश गर्नुपर्ने छ । तर उक्त कोटामा परीक्षार्थी सहभागी नभएमा अन्य वर्गका परीक्षार्थीलाई सहभागी गराइने छ ।

**पुनश्चः** CTEVT ले सिफारिस गरेका ४ जना प्रशिक्षार्थीहरू माथिको कोटा अन्तर्गत पर्ने छैनन् । साथै आन्तरिक छात्रवृत्ति कोटामा प्रशिक्षार्थीको आवेदन नआएमा उक्त कोटा पूर्ण शुल्कीयमा गणना हुने छ ।

## 1. Introduction:

Sahid Bishnu Dhani Memorial Polytechnic Institute, established on 30 Ashadh, 2076 BS, which primarily attempts to contribute to the development of the country through the production of skilled human resources, is an educational institution affiliated to CTEVT and run under the partnership of Barbardiya Municipality and CTEVT. It has started **3-Year Forestry Programme since 2077 BS**. The institution has planned to add other technical courses (Staff Nurse, HA, Lab, Pharmacy, etc.) in near future. The polytechnic institute is supposed to contribute to the production of skilled human resources through the development of technical education.

At the local level, it will also ease the access of the students coming from economically weak background to the quality technical education. At the national level, it will contribute to the overall development of the country by reducing its cost of hiring manpower from abroad. It is also believed to create job opportunities by mobilizing the stagnated idle skilled and semi-skilled human resources. Sahid Bishnu Dhani Memorial Polytechnic Institute ensures a disciplined and learner-friendly academic environment for all students. The well-furnished academic building and the administrative building of the institute are under construction.

## 2. Background:

The polytechnic institute has been named after the two martyrs of Nepali political movement: Bishnu Kumar Pokharel and Dhani Ram Tharu, both of whom belonged to the present Barbardiya Municipality of Bardiya. The establishment of the institute is also a tribute paid to those great personalities who devoted their entire life for bringing long-term political changes in the country through the development of political awareness among people.



Sahid Bishnu K. Pokhrel

Bishnu Kumar Pokharel, born on 2nd Chaitra, 2007 BS, was interested in literary writing and philosophy from his childhood. He was always ready to help the needy people. From his early student life, Bishnu Kumar Pokharel started taking part in various progressive political activities and led several political movements. He also made a significant contribution to the field of education in the local level. Bishnu Kumar Pokharel is also found to have fought against the oppressions made by the landlords to the *Kamaiyas* (bonded labourers). He obtained martyrdom as an active leader of the People's War on 28 Jestha, 2055 BS.



Sahid Dhaniram Tharu

Dhani Ram Tharu, born on 8 Shrawan, 2020 BS, in the village Banghushri of present Barbardiya Municipality, Ward No. 5, Bardiya District, was a good student and had a keen interest in sports, social works and politics from his childhood. His contributions made to solve and settle several local social and economic disputes are still alive. While studying in class seven, Dhani Ram Tharu entered active politics by working against the exploitation and oppression made by the local landlords to the poor people and the *Kamaiya.* He became an eminent political activist when he took part in the popular *'Thumni Revolution'* held in 2036 BS. While working as a leader of 10-year long People's War, Dhani Ram Tharu obtained martyrdom on 28 Jestha, 2055 BS.







## 3. Vision

Main specialties of Sahid Bishnu Dhani Memorial Polytechnic Institute: Vocational Education, Happiness, Humanity, Prosperity and Self-reliance.

## 4. Mission

To produce skilled manpower who are enterprising, dedicated to labour, capable, self-reliant, positive towards life and self-motivated towards responsibility by ensuring the access of all the people of Barbardiya municipality to quality technical and life-oriented education.



## 5. Goals

5.1 To create the opportunity of self-employment by obtaining remarkable results in the fields of research and innovation by managing qualified, capable and skilled human resources through technical education.

5.2 To ensure the access of the poor students of all classes from Barbardiya municipality to affordable quality technical education.

5.3 To reduce dependency regarding technical education by producing skilled human resources related to education, health, agriculture, forestry, etc. in the local level.

5.4 To help people spend happy and quality life by strengthening people's economic condition through the creation of opportunities for vocational and practical education.

5.5 Depending upon the principle of inclusiveness, to bring the students to mainstream education from Dalit community, ethnic minorities, marginalized, endangered and socially deprived groups.

5.6 To make students enterprising and dedicated to labour by developing through quality technical education the creativity, recreation and positive thinking in them.

5.7 To pass on righteousness, high morality, honesty, humanity and the feeling of brotherhood to the life of common people through educated manpower.

5.8 To promote sustainable development and environmental protection through technical education by appropriately utilizing natural means and resources.

## 6. Academic Disciplines

### 6.1 Forestry

Forests are the most significant part of natural resources. Specially, the forests are our greatest property as the Nepali saying goes, *"Hariyo ban, Nepal ko dhan"*. Forestry is the science of planting, managing, maintaining as well as conversing forests and its related resources. Due to the careless deforestation, gradual disappearance of forests and high demand of forest-products, the field of forestry has a good potential for employment in the coming years. The major potential areas for employment for a student of forestry include educational institutions, forest-based industries, food companies, biotechnology firms, plant health inspection service companies, biological supply houses and so on.

The course of forestry enables the individual to develop forest management plans, select sites for growing new trees and plants and supervise forestry projects. Taking into consideration the abovementioned significance, the institute has started the forestry course this year with the plan of adding other technical courses in the coming years.




## 7. Curriculum and Course of Forestry

The curriculum and the course of study consist of the 3-Year Forestry course prescribed by Council for Technical Education and Vocational Training (CTEVT), Sanothimi, Bhaktapur.

## 8. The Salient Features of Sahid Bishnu Dhani Memorial Polytechnic Institute

- Situated in the peaceful area away from the noise of the city
- Well ventilated, bright and echo-free classrooms with comfortable seating arrangement
- Library, E-library and Internet facility
- Highly motivated, qualified and experienced teachers and professional faculties
- Well-equipped multidisciplinary laboratory
- Provision of project works, work experience and internship programmes etc. for integrating the theoretical course with real life experience
- Good coordination with different governmental and non-governmental organizations and agencies
- Inter-college student exchange programme with different forestry and agriculture colleges of Nepal
- Publication of periodic general and research journals
- High-tech administrative and academic building (under construction)

- Provision of internal examination, exposure-visit, field-visit, etc.
- Digital smart board in every classroom
- Free education to the target students

## 9. Quota for Trainees

Trainee quota in every programme run by this institution will be determined as per the quota set by CTEVT. The following table shows the paid quotas and scholarship quotas set in the institution.

| S. N. | Target group | Discount percentage of internal scholarship | | | Total |
|---|---|---|---|---|---|
| | | 50 | 75 | 100 | |
| 1 | Full Fee | 0 | 0 | 0 | 10 |
| 2 | Poor Dalit | 1 | 1 | 1 | 3 |
| 3 | Poor Ethnic Group | 2 | 3 | 3 | 8 |
| 4 | Marginalized Raji, Kumal, Bote, Badi | 0 | 0 | 1 | 1 |
| 5 | The poor and the landless | 0 | 2 | 2 | 4 |
| 6 | Members from the family of Martyr, the enforced disappeared persons and the injured | 0 | 2 | 3 | 5 |
| 7 | Differently able | 0 | 0 | 2 | 2 |
| 8 | Freed Kamaiyas and Kamlari | 0 | 0 | 3 | 3 |
| **Total** | | **3** | **8** | **15** | **36** |

**Note:** The abovementioned scholarship must include at least 50% female trainees. Trainees from other groups will be enrolled in case of vacant female quota.

**PS:** Four trainees recommended by CTEVT shall not be included in the above quotas. Besides, internal scholarship quotas will include full fee in case no trainee applies for them.

## Message from the Mayor....



Mayor
Durga B. Tharu (Kabir)
Barbardiya Municipality

The establishment and management of Sahid Bishnu Dhani Memorial Polytechnic Institute up to this point shows the image depicting the dreams of the martyrs of the great People's War come true.

This institute will provide a good opportunity to the children of the poor farmers to become qualified citizens of the country through affordable technical and practical education. Every student of this institute will contribute to the process of nation building. The general education is the soul of democratic education which accelerates the nation's journey of prosperity. We are committed to ensure everyone's justifiable access to education.

There is a difference between democracy and socialism in terms of political system. But their educational essence is almost the same. The analysis of Nepali society shows that we need socialism-oriented education. However, in the context of insignificant development even of democratization of education, our Municipality, the first municipality of Nepal to announce the assurance of compulsory and free basic level education, has been implementing the provision made in the announcement along with free secondary level education by emphasizing the need of socialism-oriented education in Nepal. Presently, forestry is being taught in our municipality and the plan has been made to add more technical education programmes in near future. A polytechnic institute has been established where students can choose the subjects of their interest.

At last, I strongly believe that the poor students deprived of technical education due to its expensive and unaffordable fee will get benefitted from this institution and will diligently pursue their study.

Thank You!

# सहिद विष्णु-धनि स्मृति बहुप्राविधिक शिक्षालय

**बारबर्दिया नगरपालिका-६,**
**जयनगर, बर्दिया**










सम्पर्क :

टीकानाथ गोसाई (शा.अ.) : ९८५८०८६४७०
रमेश बोहरा (संयोजक) : ९८४८७४४८४६
राम बहादुर थारू (क.अ.) : ९८५८०६८३३७
प्रकाश चौधरी (प्र.स.) : ९८४९३११३६४